# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०८२/०८३

च.नं.: १३१४

मितिः २०८३/०३/१०

**जो जससँग सम्बन्धित छ ।**

**विषयः** आगामी आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव पेश सम्बन्धमा ।

प्रस्तुत विषयको सम्बन्धमा देवघाट गाउँपालिका गाउँ सभा १८औं अधिवेशनमा यस गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाज्यूको सभाध्यक्षतामा हालसम्म तपसिल बमोजिमका कार्य प्रक्रिया सम्पन्न गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसिलः**

१. गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापाज्यूबाट आ.व. २०८२/०८३ का नीति तथा कार्यक्रमको उपलब्धिहरुको समीक्षा गरी आगामी आ.व. २०८३/०८४ का लागि नीति तथा कार्यक्रम गाउँ सभा समक्ष पेश गरी सभा सदस्यज्यूहरुबाट सर्वसम्मतमा पारित गरियो ।

२. देवघाट गाउँपालिकाको न्यायिक समिति, लेखा, सुशासन, अनुगमन तथा सुपरिवेक्षण र विधायन समितिहरुको प्रतिवेदनका साथै प्रशासनिक कार्य सञ्चालन सम्बन्धी प्रस्ताव सभा समक्ष प्रस्तुत भएको ।

३. गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ्गज्यूबाट आ.व. २०८३/०८४ को लागि आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ सभा समक्ष प्रस्तुत गर्नुभयो । सो सम्बन्धमा आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित कूल बजेट रु. ५५,५८,६७,०००/- (अक्षरुपी पचपन्न करोड अन्ठाउन्न लाख सट्साठ्ठी हजार रुपैयाँ) को प्रस्ताव पेश गर्नुभएकोमा चालूतर्फ रु. ३९,१७,५०,०००/- र पुँजीगततर्फ रु. १६,४१,१७,०००/- को प्रस्ताव प्रस्तुत गर्नुभयो ।

४. अतः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापाज्यूले प्रस्तावित विषयवस्तुहरु उपर छलफल गर्ने गरी आगामी वैठक मिति २०८३ असार १९ गते शुक्रबारका दिन ठीक १:०० बस्ने गरी वैठक सम्पन्न गर्नुभयो ।

२०८३/०३/१०

...................

प्रधुब्न कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत


प्रधुब्न कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत